बैठक - ५२

आज मिति ०७७।०३।०४ गतेका दिन यस सरावल गाउंपालिकको कार्यपालिका बैठक अध्यक्ष श्री राधेश्याम चौधरीको अध्यक्षतामा बसी निम्न बमोजिम निर्णय गरियो ।

उपस्थिति

| सि.नं. | पदाधिकारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री राधेश्याम चौधरी | अध्यक्ष | |
| २ | श्री उत्तमा राय | उपाध्यक्ष | |
| ३ | श्री भेषनारायण चौधरी | वडाअध्यक्ष | |
| ४ | श्री शम्भु चौधरी | वडाअध्यक्ष | |
| ५ | श्री अणेन्द राय | वडाअध्यक्ष | |
| ६ | श्री  छोटेलाल यादव | वडाअध्यक्ष | |
| ७ | श्री दिनेश केवट | वडाअध्यक्ष | |
| ८ | श्री कैलाश यादव | वडाअध्यक्ष | |
| ९ | श्री हयात धुनिया | वडाअध्यक्ष | |
| १० | जोखु गौंड | वडाअध्यक्ष | |
| ११ | छिमादेवी राय | सदस्य | |
| १२ | चन्दा चौधरी | सदस्य | |
| १३ | सुनिता हरिजन | सदस्य | |
| १४ | जन्त्रीदेवी केवट | सदस्य | |
| १५ | विन्दा देवी धोवी | सदस्य | |

...राबन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...राबन, नवलपरासी (ब.सु.पू.)
लुम्बिनी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १६. | बुद्ध प्रकाश पौडेल | प्र. प्र. अ. | |
| १७ | नारायण पाण्डेय | ले. अ. | |
| १८ | हेमकान्त बस्याल | अ. है. | |
| १९ | राजन बास्तोला | प्रा. प्र. | |

# प्रस्ताव एवं निर्णय

**प्रस्ताव नं. १ - छैठौ गाउसभा सम्वन्धमा**

**निर्णय नं. १** - प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको छैठौ गाउसभा मिति २०७७/०३/१० गते विहान ८ वजे सम्भव भएसम्म सरावल-४ मंगलापुरस्थित रिसोर्टमा नभए अन्य कुनै उपयुक्त स्थान छनौट गरी सभा सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ - मनसुन पुर्वतयारी प्रतिकार्य योजना-२०७७ स्विकृत गर्ने सम्वन्धमा**

**निर्णय नं. १** - प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको विपद व्यवस्थापन प्रयोजनार्थ मनसुन पुर्वतयारी प्रतिकार्य योजना-२०७७ वैठकमा प्रस्तुत गरि छलफल गरियो एवं पेश भएवमोजिम स्विकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ - प्रहरी चौकी गोव्रहिया र प्रहरी चौकी भुजहवाको लागी जग्गा उपलव्ध गराउने सम्वन्धमा**

**निर्णय नं. ३** - प्रस्ताव नं. ३ उपर छलफल गर्दा साविक सरावल गा.वि.स ७ क हाल सरावल गा.पा वडा नं. ४ को कि.नं. २४२ ज.वि.०-१-१६ र कि.नं. २४४ को ज.वि.०-९-० को जग्गावाट ०-६-४ को जग्गा कित्ताकाट गरी प्रहरी चौकी गोव्रहियाको नाममा दर्ता गरी लालपुर्जा प्रदान गर्ने एवं साविक भुजहवा गा.वि.स वडा नं. २ क हाल सरावल गा.पा वडा नं. ६ को कि.नं. १३८ ज.वि १-१३-११ मध्ये पुर्व तर्फको मोहडाको लम्वाई १५५.५ फुट, पश्चिम तर्फको मोहडाको लम्वाई १३२ फुट, उत्तर तर्फको मोहडाको लम्वाई १३२ फुट, र दक्षिण तर्फको मोहडाको १२८ फुट गरी कुल ज.वि ०-५-२.५ को जग्गा कित्ताकाट गरी सम्वन्धित प्रहरी चौकीको नाउमा दर्ता गरी लालपुर्जा प्राप्त गर्न सहमती दिने जनाई स्थानिय जनप्रतिनिधि एवं भद्रभलाद्मीवाट निर्णय भई आएको एवं सम्वन्धित वडावाट समेत सहमती सहितको सिफारिस भई आएकोले उल्लिखित जग्गाहरु प्रहरी चौकी गव्रहिया र प्रहरी चौकी भुजहवाको नाउमा दर्ता गरी लालपुर्जा प्राप्त गर्न सम्वन्धित कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ - महिला स्वस्थ्य स्वयंसेविकाको अवकास रकम सम्वन्धमा**

**निर्णय नं. ४** - प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस सरावल गा.पा वार्ड नं. ७ मा कार्यरत स्वयंसेविका किशोरी सहानी र सुनिता नेसा पठानले अवकासको लागी राजिनामा पेश गरि स्विकृत भइसकेको सन्दर्भमा निजले आफू सेवामा रहदाको समयमा साविक गा.वि.स तथा हालको गाउपालिकालाई गरेको सेवाको उच्च मुल्यांकन गर्दै निजलाई सम्मानस्वरुप रु ४०,००० (अक्षरुपी रु चालिस हजार मात्र) जसमा संघिय सरकारवाट प्राप्त हुने रकम रु २० हजार र यस गा.पाको वार्षिक स्विकृत कार्यक्रमको महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाई शिर्षकवाट खर्च हुने गरी रु २० हजार भुक्तानी दिने साथै यस्तै प्रकृतीवाट अन्य स्वयंसेविकाहरु समेतको राजिनामा स्विकृत भई आएमा माथी उल्लेख भएवमोजिम प्रति स्वसयंसेविका रु ४० हजार ( रु २० हजार संघिय सरकारवाट र २० हजार गा.पा स्विकृत कार्यक्रमवाट) भुक्तानी दिने निर्णय गरियो ।

राधेश्याम चौधरी
अध्यक्ष

आज मिति २०७६/०३/०९ गते साझ ५ वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राधेश्याम चौधरी | अध्यक्ष | |
| २. | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | |
| ३. | भेषनारायण चौधरी | सदस्य | |
| ४. | शम्भु प्रसाद चौधरी | सदस्य | |
| ५. | अणेन्द्रनाथ राय | सदस्य | |
| ६. | छोटेलाल यादव | सदस्य | |
| ७. | दिनेश सहानी केवट | " | |
| ८. | कैलास यादव | " | |
| ९. | हयात खाँ धुनिया | " | |
| १०. | छिमादेबी चौधरी | " | |
| ११. | चन्दादेवी चौधरी | " | |
| १२. | जन्त्री केवटिन | " | |
| १३. | विन्दादेनी धोवी | " | |
| १४. | जोखु प्रसाद कहार | " | |
| १५. | श्री सुनिता हरिजन | " | |
| १६. | श्री वुध्दप्रकाश पौडेल | प्र.प्र.अ. | |
| १७. | नारायण पाण्डेय | आमन्त्रित | |
| १८. | राजन वस्याल | " | |
| १९. | देवीकान्त बस्याल | " | |
| २०. | | | |
| २१. | | | |
| २२. | | | |
| २३. | | | |

## प्रस्ताव नं. १ - वार्षिक निति तथा कार्यक्रम सम्वन्धमा

**निर्णय नं. १ -** प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको विभिन्न विषयगत समिति तथा विषयगत शाखावाट पेश भएका कार्यक्रम तथा सुझाव समेटी तयार भएको वार्षिक वजेट एवं निति तथा कार्यक्रम वजेट तथा कार्यक्रम तर्जुमा समितिवाट स्विकृत भई पेश भएकोमा उक्त निति तथा कार्यक्रम एवं वजेट कार्यपालिकामा जानकारी गराईयो । सोउपर छलफल गर्दा पेश भएको वार्षिक निति तथा कार्यक्रम पेश भएअनुरुप स्विकृत गरी अनुमोदनको लागी गाउसभामा पेश गर्ने निर्णय गरियो ।

## प्रस्ताव नं. २ - विनियोजन ऐन र आर्थिक ऐन सम्वन्धमा

**निर्णय नं. २ -** प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको आ.व २०७७/०७८ को वजेट कार्यान्वयनको लागी तयार भएको विनियोजन ऐन-२०७७ र आर्थिक ऐन-२०७७ को मस्यौदा वैठकमा पेश गरियो । सोउपर छलफल गर्दा पेश भएको विनियोजन ऐन-२०७७ र आर्थिक ऐन-२०७७ पेश भएअनुरुप स्विकृत गरी अनुमोदनको लागी गाउसभामा पेश गर्ने निर्णय गरियो ।

## प्रस्ताव नं. ३ - विनियोजन ऐन २०७६ को प्रथम संशोधन सम्वन्धमा

**निर्णय नं. ३ -** प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको लागी लागी स्विकृत विनियोजन ऐन-२०७६ को दफा-३ मा उपदफा ४ थप गरी उक्त उपदफालाई देहायवमोजिम हुने गरी संशोधन गर्न गाउसभामा पेश गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

उपदफा २ र ३ मा जुनसुकै कुरा लेखिएको भए तापनी देश वा गाउँपालिकाको कुनै क्षेत्र वा पुरै क्षेत्रमा ठुलो विपदको सम्भावना देखीएमा वा कुनै विपद, महामारी सिर्जना भएमा सोको रोकथाम, नियन्त्रण र उपचारको एवं जनतालाई राहत उपलव्ध गराउनको लागी रकम आवश्यक परेमा कार्यपालिकाको वैठकको निर्णयवमोजिम उक्त अवधिसम्म दायित्व सिर्जना नभएको शिर्षकवाट विपद व्यवस्थापन कोषमा आवश्यकताअनुसारको रकम रकमान्तर/संशोधन गर्न सकिनेछ। तर यसरी रकमान्तर/संशोधन गरिएमा रकमान्तर संशोधन गरिएको शिर्षक/रकम आगामी गाउँसभावाट अनुमोदन गराउनुपर्नेछ ।

[signature]
राधेश्याम चौधरी
अध्यक्ष

**प्रस्ताव नं. ४ - कार्यक्रम माग सम्वन्धमा**

**निर्णय नं. ४ -** प्रस्ताव नं. ४ उपर छलफल गर्दा जिल्ला समन्वय समितिको मिति २०७६/०३/२० गतेको तेश्रो जिल्ला सभाले यस गाउपालिकाको लागी समपुरक साझेदारी कार्यक्रम अन्तर्गत रु ५० लाख विनियोजन भएकोमा उक्त रकमवाट यस सरावल गा.पा वडा नं. २ मनरी स्थित घोलमा पुल निर्माणको लागी माग गर्ने निर्णय गरियो । सोको लागी अनुमानित कुल लागत रु १ करोड मध्ये रु ५० लाख यस गाउपालिकावाट साझेदारी भई योजना कार्यान्वयन गर्ने समेत निर्णय गरियो ।

राधेश्याम चौधरी
अध्यक्ष